# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :



## सिंह सेफ कार्य समितिमा निर्वाचित

काठमाडौं, ९ चैत्र- नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रवन्धक शंकरमान सिंह साउथ एसियन फेडरेसन अफ एक्सचेञ्जेज (सेफ) को कार्यकारी समिति सदस्यमा निर्वाचीत हुनुभएको छ । युनाईटेड अरब एमीरेट्स (युएई)को अवुधावीमा हालै सम्पन्न आठौं साधारण सभाले कराँची स्टक एक्सचेञ्ज लिमिटेड, पाकिस्तानका अदनान अफ्रिदीको अध्यक्षता तथा चीटगंग स्टक एक्सचेञ्ज लिमिटेड, बंगलादेशका फाखुर उद्दीन अली अहमद, मल्टी कमोडीटीज एक्सचेञ्ज अफ इन्डीया लिमिटेड, भारतका जोसेफ मेसी, अवुधावी सेक्युरीटीज एक्सचेञ्ज, युएइका रसीद ए एल बालुसी, नेशनल क्लियरीङ्ग कम्पनी अफ पाकिस्तान, पाकिस्तानका मोहम्मद लुक्मान र नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपालका शंकरमान सिंहको सदस्यतामा नयाँ कार्यकारी समिती गठन गरेको हो ।

दक्षिण एशियामा संचालीत स्टक एक्सचेञ्ज तथा पुँजी बजार सम्बन्धी संस्थाहरूको पहलमा स्थापित सेफमा हाल भारत, पाकिस्तान, युएइ, श्रीलंका, बंगलादेश, नेपाल, भुटान, मालदिभ्स र मौरीससका २३ संस्थाहरु सदस्य छन । सदस्य संस्थाहरूबीच प्रविधि तथा जनशक्ति विकासमा स्रोत एवं ज्ञानको आदान प्रदान गर्ने एवं क्रस बोर्डर लिस्टीङ्ग र ट्रेडीङ्ग गर्ने सेफको मुख्य उद्देश्य रहेको छ । यसका लागि आवश्यक पुर्वाधार तयारी सेफले गरिरहेको छ । साधारण सभाको अवसरमा सेफले सदस्य स्टक एक्सचेञ्जमा सुचिकृत एक सय कम्पनी समेटीएको डाउ जोन्स सेफ १०० इन्डेक्स पनि सार्वजनिक गरेको छ।


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.